# स्थानीय तहको आर्थिक ऐन २०७४

गाउँपालिका वाट स्वीकृत मिति २०७४।०४।३०

नवदुर्गा गाउँपालिका मणिलेक

डडेल्धुरा

सुदूरपश्चिम प्रदेश

# स्थानीय तहको आर्थिक ऐन

**नवदुर्गा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको  प्रस्ताव**

**प्रस्तावनाः**नवदुर्गा गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नवदुर्गा गाउँ  सभाले यो ऐन बनाएको छ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि नवदुर्गा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः**गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक ,डडेल्धुरा
७ नं. प्रदेश, नेपाल

## करका दर

अनुसूचि १
आ.ब. २०७४।०७५

| सि.नं | शिर्षक | विवरण | अनुमानित घर संख्या | राजस्व दर |
|---|---|---|---|---|
| 1 | सम्पत्ति कर | ढलान गरेको पक्कि घर | 120 | 100 |
| 2 | | छाना भएको घर | 4355 | 50 |
| 3 | | एकृकित सम्पत्ति कर लागु गर्न सम्भाव्यता अध्यनन गरी आधार तयार गर्ने | | |

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक डडेल्धुरा
७ नं. प्रदेश, नेपाल

**करका दर**

**अनुसूचि २**

**आ.ब. २०७४।०७५**

| सि.नं | शिर्षक | विवरण | जग्गा क्षेत्रफल | अनुमानित व्यवसायी संख्या (रोपनी) | राजस्व दर |
|---|---|---|---|---|---|
| 1 | भूमिकर (मालपोत) | अब्बल, दोयम, सिम, चहार( प्रतिरोपानी ) | ० देखि २० रोपनी | 3357 | 5 |
| | | | २१ द्येखि ५० रोपनी सम्म | 895 | 6 |
| | | | ५० भन्दामाथि | 223 | 7 |

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक,डडेल्धुरा
७ नं.प्रदेश, नेपाल

**करका दर**

**अनुसूचि ३**
आ.ब. २०७४।०७५

| सि.नं | शिर्षक | विवरण | बहाल रकम | राजस्व दर |
|---|---|---|---|---|
| 1 | घर बहाल कर | घरभाडा | 185000 | 2% |

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा

**करका दर**

**अनुसूचि ४**
**आ.ब. २०७४।०७५**

| सि.नं | शिर्षक | विवरण | अनुमानित व्यवसायी संख्या | शुल्क |
|---|---|---|---|---|
| 1 | व्यवसाय कर | किराना पसल, कपडा पसल वा यस्तै प्रकृतिका पलस दर्ता सिफरिस दस्तुर | 100 | 500 |
| | | किराना पसल, कपडा पसल वा यस्तै प्रकृतिका पसल नवीकरण दस्तुर | 100 | 250 |
| 2 | | आटा, चक्की, तेल पेल्ने व्यवसाय संचालन सिफारिस दर्ता दस्तुर | 18 | 1000 |
| | | आटा, चक्की, तेल पेल्ने व्यवसाय संचालन नवीकरण दस्तुर | 0 | 500 |
| 3 | | मदिरा व्यवसाय संचालन दर्ता सिफारिस दस्तुर | 4 | 50000 |
| | | मदिरा व्यवसाय नवीकरण दस्तुर | 22 | 10000 |
| 4 | | मासु पसल संचालन दर्ता सिफारिस दस्तुर | 5 | 500 |
| | | मासु पसल संचालन नवीकरण दस्तुर | 0 | 250 |
| 5 | | खुद्रा साना पसल दर्ता | 100 | 300 |
| | | खुद्र साना पसल नविकरण | 0 | 100 |
| 6 | | स्टेशनरी तथा पत्रपत्रिका समग्रीहरु पसस संचालन सिफरिस दस्तुर | 5 | 500 |
| | | स्टेशनरी तथा पत्रपत्रिका समग्रीहरु पसस नवीकरण दस्तुर | 0 | 250 |
| 7 | | होटल व्यवसाय (लज, गेष्ट हाउस आदि) संचालन सिफारिस दस्तुर | 5 | 1000 |
| | | होटल व्यवसाय (लज, गेष्ट हाउस आदि) नवीकरण दस्तुर | 0 | 500 |
| 8 | | चिया, मिठाई तथा भोजनालय संचालन सिफारिस दस्तुर | 5 | 500 |
| | | चिया, मिठाई तथा भोजनालय संचालन | 0 | 250 |

| | | | | |
|---|---|---|---|---|
| | | नवीकरण दस्तुर | | |
| | | छापाखाना संचालन सिफारिस दस्तुर | 0 | 1000 |
| 9 | | छापाखाना संचालन नवीकरण दस्तुर | 0 | 500 |
| | | मेडिकल, भेटनरी पसल दर्ता संचालन सिफारिस दस्तुर | 10 | 1000 |
| 10 | | मेडिकल, भेटनरी पसल संचालन नवीकरण दस्तुर | 0 | 500 |
| | | घरेलु तथा साना उद्योग संचालन सिफारिस दस्तुर | 2 | 1000 |
| 11 | | घरेलु तथा साना उद्योग संचालन नविकरण दस्तुर | 0 | 500 |
| | | सवारी साधन मर्मत बर्कसप दर्ता (सिफारिस) | 1 | 1500 |
| 12 | | सवारी साधन मर्मत बर्कसप नविकरण ( सिफारिस) | 0 | 1000 |
| | | व्यवसायिक तालिम केन्द्र, इन्टिच्यूट, मोवाईल मर्मत केन्द्र दर्ता | 2 | 1500 |
| 13 | | व्यवसायिक तालिम केन्द्र, इन्टिच्यूट, मोवाईल मर्मत केन्द्र नविकरण | 0 | 1000 |
| | | फर्नितर उद्योग संचालन दर्ता सिफारिस दस्तुर | 2 | 5000 |
| 14 | | फर्नितर उद्योग संचालन नवीकरण दस्तुर | 0 | 2500 |
| 15 | | हार्डवयर दर्ता | 1 | 1500 |
| | | हार्डवयर नविकरण | 0 | 1000 |
| 16 | | निजी शैक्षिक संस्था दर्ता सिफारिस | 8 | 5000 |
| | | निजी शैक्षिक संस्था वोडिगं नवीकरण | 0 | 3000 |
| | | निजी शैक्षिक संस्था स्तरबृद्धि | 1 | 2500 |

गाउँ कार्यपालिकाको कार्यालय

मणिलेक

७ नं. प्रदेश, नेपाल

**करका दर**

**अनुसूचि ५**

आ.ब. २०७४।०७५

| सि.नं | शिर्षक | विवरण | अनुमानित व्यवसायी संख्या | राजस्व दर |
|---|---|---|---|---|
| 1 | वन उत्पादन, जडिबुटी, कवाडी र जीवजन्तु कर | सल्ला खोटो | 50000 | 2 |
| | | काठ निकासी सल्ला | | |
| | | A ग्रेड | 10000 क्यसु पिट | 13 |
| | | B ग्रेड | 10000 क्यसु पिट | 9 |
| 2 | | A साल ग्रेड | | 20 |
| | | B ग्रेड | | 15 |
| | | C ग्रेड | | 10 |
| 3 | | जडी बुडी | 400000 | 10 % |

नवदुर्गा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मणिलेक

७ नं. प्रदेश, नेपाल

## करका दर

## अनुसूचि ६

## आ.ब. २०७४।०७५

| सि.नं | शिर्षक | विवरण | अनुमानित व्यवसायी संख्या | राजस्व दर |
|---|---|---|---|---|
| 1 | सवारी साधन कर | हेवी ट्रक, टेक्टर, टिप्पर तगायतका हेवी सावरी साधन | 0 | 2000 |
| 2 | | भाडाका कार, जिप, टाटा सुमो | 0 | 1000 |
| 3 | | स्कुटर, मोटरसाइकल लगाृतका २ पाग्रे सवारी साधन | 5 | 500 |

गाउँ कार्यपालिकाको कार्यालय

मणिलेक डडेल्धुरा

७ नं. प्रदेश, नेपाल

## करका दर

## अनुसूचि ७
## आ.ब. २०७४।०७५

| सि.नं | शिर्षक | विवरण | अनुमानित व्यवसायी संख्या | राजस्व दर(प्रति होडिङ्ग बोर्ड |
|---|---|---|---|---|
| 1 | विज्ञापन कर | ठुलो | 5 | 1000 |
| | | सानो | 5 | 500 |

नवदुर्गा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मणिलेक डडेल्धुरा

७ नं. प्रदेश, नेपाल

**करका दर**

**अनुसूचि ८**

**आ.ब. २०७४।०७५**

| सि.नं | शिर्षक | विवरण | अनुमानित व्यवसायी संख्या | राजस्व दर |
|---|---|---|---|---|
| 1 | मनोरञ्जन कर ( मेलामा लगाइने कर) | सामान्य चिया पसल | 10 | 50 |
| 2 | | होटल व्यवसाय | 10 | 100 |
| 3 | | खुद्रा पसल | 40 | 100 |
| 4 | | ठुला व्यापारी( मिठाई, फेन्सी | 40 | 500 |

नवदुर्गा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मणिलेक डडैलधुरा

७ नं. प्रदेश, नेपाल

## करका दर

## अनुसूचि ९

आ.ब. २०७४।०७५

| l;=g++ | lzif{s | ljj/)f | cg'dflgt joj;fol ;+Vof | /fh:j b/ |
|---|---|---|---|---|
| 1 | axfn la^f}/l z'ns | k\|lt p]nfgl huufdf :jls[t adf]lhd lgld{t ^x/f, %fk\|f cflb | 0 | 0 |

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक डडेल्धुरा
७ नं. प्रदेश, नेपाल

## करका दर

## अनुसूचि १०

आ.ब. २०७४।०७५

| सि.नं | शिर्षक | विवरण | अनुमानित व्यवसायी संख्या | राजस्व दर |
|---|---|---|---|---|
| 1 | पार्किङ शुल्क | बस पार्क निर्माण गरि पार्किङ शुल्क निर्धारण तथा संकलन गर्ने | 0 | 0 |

गाउँ कार्यपालिकाको कार्यालय

मणिलेक डडेल्धुरा

७ नं. प्रदेश, नेपाल

# करका दर

## अनुसूचि ११

*आ.व. २०७४।०७५*

| सि.नं | शिर्षक | विवरण | अनुमानित व्यवसायी संख्या | राजस्व दर |
|---|---|---|---|---|
| 1 | ट्रेकिङ्ग, र्‍याफ्टीङ्ग शुल्क | सम्भाव्यता अध्ययन गरी निर्धारण गर्ने | 0 | 0 |

गाउँ कार्यपालिकाको कार्यालय

मणिलेक डडेल्धुरा

७ नं. प्रदेश, नेपाल

करका दर

अनुसूचि १२

आ.ब. २०७४।०७५

| सि. नं | शिर्षक | विवरण | अनुमानित सेवा संख्या | राजस्व दर |
|---|---|---|---|---|
| 1 | | निवेदन दस्तुर | 500 | 10 |
| 2 | | नागरिता सिफरिस | 300 | 100 |
| 3 | | नगरिकता पैतिलिपि सिफारिस | 50 | 200 |
| 4 | | सामान्य सिफारिस | 1000 | 50 |
| 5 | | नाम, थर संशोधन सिफरिस | 50 | 50 |
| 6 | | सर्जमिन मुचुल्का दस्तुर | 10 | 500 |
| 7 | | नाता प्रमाणित सिफारिस | 350 | 100 |
| 8 | | खानेपानी, विधुत, टेलिफोन जडान सिफरिस (आवासिय) | 100 | 100 |
| 9 | | खानेपानी, विधुत, टेलिफोन जडान सिफरिस (व्यवसायिक) | 50 | 200 |
| 10 | | सम्पत्ति मुल्यांकन (मूल्यांकन रकममा) | 5 | 0=25 |
| 11 | सेवा शुल्क, दस्तुर | आय प्रमाणित (आम्दानी प्रमाणित रकममा) | 5 | 0=25 |
| 12 | | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | 500 | 100 |
| 13 | | व्यक्तिगत घटना दर्ता प्रमाणपत्र प्रतिलिपि | 50 | 50 |
| 14 | | बन्धुक नविकरण | 5 | 500 |
| 15 | | जग्गा नामसारी, रजिष्टेशन दाखिला, खारेज सिफारिस | 35 | 100 |
| 16 | | संघ संस्था दार्ता शुल्क | 10 | 500 |
| 17 | | संघ संस्था नविकरण | 10 | 250 |
| 18 | | नक्सा पास दस्तुर | 5 | 1 |
| | | | 5 | 2 |
| 19 | | घर जग्गा चार किल्ला प्रमाणित सिफारिस | 5 | 200 |
| 20 | | गाउँ पार्श्वचित्र, आवधिक योजना, वार्षिक योजना जस्ता प्रकाशित पुस्तिका खरिद | 5 | 500 |

| | | | | |
|---|---|---|---|---|
| 21 | | सानो प्रतिका प्रकाशन,बुलेटिन खरिद (प्रति पाना) | 5 | 10 |

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक डडेल्धुरा
७ नं. प्रदेश, नेपाल

**करका दर**
**अनुसूचि १३**
**आ.ब. २०७४।०७५**

| सि.नं | शिर्षक | विवरण | अनुमानित संख्या | राजस्व दर |
|---|---|---|---|---|
| 1 | पयर्टन शुल्क | सम्भाव्यता अध्ययन गरी निर्धारण गर्ने | 0 | 0 |

माथि उल्लेखित सिफारिस वा प्रमाणितको प्रतिलिपि आवश्यक परेमा पनि शुद्ध तो्किएको दस्तुर पुनः लाग्नेछ । र उल्लिखित काजजात अग्रेजीभाषामा आवश्यक परेमा रु ५०० लाग्ने छ । मथि उललेखित सिफारिस र प्रमाणितबाहेका कुनै निर्णय वा फैसला आदिको नक्कल आवश्यक परेमा प्रतिपाना १० रुपैया दस्तुर लाग्नेछ ।